# राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको

# सञ्चार नीति (Communication Policy)

## १ प्रारम्भिक

क) यो संञ्चार नीति यस संस्थाको कार्य समितिको २०६८/६/१२ गतेका दिनको बैठकको निर्णय बाट लागु भएको हो ।

## २ परिभाषा

कुनै विषय वा प्रशगले अर्को अर्थनलागेमा यस संचार नीतिमा –

क) संस्था – भन्नाले राष्ट्रिय दलित नेटवर्क RDN नेपाल लाई बुझ्नुपर्छ ।

ख) विधान – भन्नाले यस संस्थाको विधानलाई बुझ्नुपर्छ ।

ग) नीति – भन्नाले यस संस्थाले लागु गर्ने संचार सम्बन्धी नीति हो ।

घ) परियोजना भन्नाले – यस संस्थाले संचालन गर्ने कार्यक्रम, परियोजना लाई बुझ्नुपर्दछ ।

ङ) पदाधिकार – भन्नाले संस्था संचालन गर्नका लागी विधानको दफा १७ बमोजिमका कार्यसमितिका बिभिन्न पदहरुलाई बुझ्नुपर्छ ।

## ३ संस्थागत

संस्थालाई सुसासन युक्त बनाउनका लागी निम्न कार्य गरिनेछ ।

क) यो नीति संस्थालाई संचालन गर्नमा पारदर्शिता को काम गर्नेछ

ख) संस्थामा दैनिक तथा मासिक कार्यविवरणलाई नागरिक बडापत्र या सुचनापार्टि राखिनेछ ।

ग) संस्थामा वोर्डको संरचना पदाधिकारी, सल्लाहकार समिति, तथा सदस्य, स्वयमसेवक, कर्मचारीको बोर्ड लगाईनेछ ।

घ संस्थामा कर्मचारी तथा स्वयसेवक नियुक्त गर्दा संचारका माध्यम पत्रपत्रिका,रेडियो,FM मा प्रकाशित गरिनेछ

## ४ परियोजनाको हकमा ।

परियोजनामा लाई लक्षित समुदाय तथा स्थानिय स्तरसम्म पुरायाउन तथा जानकारी गराउनका लागी निम्न कुरा अपनाईने छन ।

क) संचारमाध्यम रेडियो, एफएम तथा पत्रपत्रिका बाट परियोजनाको बारेमा जानकारी उपभोक्ताहरु लाई दिईनेछ ।

ख) परियोजना को कियाकलाप तथा बजेट होर्डिङ बोर्ड लगाई लक्षित वर्ग तथा क्षेत्र लाई जानकारी गराईनेछ

ग) परियोजना सञ्चालन गर्नका लागी कर्मचारी नियुक्त गर्न निश्चित मापदण्ड पुरा गरेका ब्यक्ति लाई संस्थाले बनाएको परियोजना ब्यवस्थापन समिति तथा कर्मचारी छनौट समितिले छनौट गरिनेछ त्यसका लागी कर्मचारी आवश्यकताका लागी पत्रपत्रिका, रेडियो, सुचना पार्टी तथा अन्य संचारका माध्यम बाट सुचना प्रकाशित गरिनेछ

घ) परियोजनामा भएका उपलब्धि गरेका कियाकलापहरु लाई लक्षित वर्ग तथा अन्य समुदायसग पुराउनका लागी समयसमय पत्रपत्रिकामा प्रकाशित गराईनका साथै तैमासिक रुपमा बुलेटिन प्रकाशन गरिनेछ ।

ङ) समयसमयमा लक्षित समुदायमा कार्यक्रम तथा बजेट कियाकलापका बारेमा समाजिक लेखापरिक्षणहरु गरिनेछ । त्यसमा स्थानिय सरोकारवालाको उपस्थिती गराईनेछ ।

च) लक्षित वर्ग तथा संस्थामा रहेका परियोजनामा रहेका कर्मचारीको नियमित सम्पर्कका लागी फोन, फ्याक्स, चिठी तथा सुचनाको प्रयोग गरिनेछ ।

## ५ नीति निर्णयहरु कार्यन्वयन

यस संचार नीतिमा भएको ब्यवस्था यसै अनुसार र समावेश नभएका कुरा संस्थाको विधान साधारण सभा तथा कार्यसमिति बाट निर्णय भए बमोजिन हुनेछ ।

**समाप्त**